सूचनाको हक
नागरिकको
मौलिक अधिकार हो ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१३ ।। अङ्क : ११० ।। २०७८ असार १० गते बिहिबार (24th June 2021 Thursday) Pratidin National Daily dNo-?÷%÷-

‘टेन्डर खारेज नगरे बिर्तामोडको नगरपरिषद चल्न नदिने’

बिर्तामोड (प्रस) । निषेधाज्ञाको समयमा बिर्तामोड नगरपालिकाले अपारदर्शी र प्रक्रिया नपुऱ्याई ठेक्का लगाएको भन्दै त्यस्ता ठेक्का खारेजलगायतका मागसहित स्थानीय जागरुक युवाहरुले आफ्ना माग संबोधन नभए नगरपरिषद चल्न नदिने बताएका छन् । निषेधाज्ञाको समयमा ठेक्का लगाइएका स्वास्थ्य बिमा र फोहोर मैला व्यवस्थापनको टेन्डर खारेज गरिनुपर्ने उनीहरुको माग छ । बिर्तामोड नगरपालिकाको सातौं नगरपरिषद बिहीबारबाट शुरु हुँदैछ । नगरपरिषदको अघिल्लो दिन आज पत्रकार सम्मेलन गर्दै उनीहरुले नगरपरिषदमा आफ्ना माग प्रस्तुत गर्ने जनाउँदै ती माग संबोधन नभए परिषद चल्न नदिने बताएका हुन् । उनीहरुले स्वास्थ्य बिमा र फोहोर मैला व्यवस्थापनको टेन्डर खारेज हुनुपर्ने , सार्वजनिक सरोकार र महत्वका हरेक सूचनाको जानकारी सम्पूर्ण वडा कार्यालय ,संचारमाध्यमलाई गराउनुपर्ने ,नगरपालिकाका प्रत्येक सूचना नगरपालिका र वडा कार्यालयको सूचना पाटीमा अनिवार्य राख्नुपर्ने ,नगरपालिकाले प्रकाशन र प्रसारण गर्ने सार्वजनिक महत्वका सम्पूर्ण सूचनाहरु स्थानीय संचारमाध्यममा समेत प्रकाशन र प्रसारण गरिनुपर्ने लगायतका सूचना अधिकारका कुराहरु उठाएका छन् । ‘टेन्डर खोल्ने , ठेक्का लगाउने , कर्मचारी भर्नालगायतका सार्वजनिक महत्वका काममा पारदर्शिता छैन’ स्थानीय कपिल न्यौपाने भने, ‘ कतिपय कामका बारेमा जनप्रतिनिधिसमेतलाई जानकारी हुँदैन ।’ टेन्डर प्रक्रियामा मनोमानी भइरहेको धेरैले गुनासो गरेपछि आफूहरुले चासो राखेको उनले बताए। ‘ हामी सौहार्द ढंगले आफ्ना माग नगरपरिषदमा प्रस्तुत गर्नेछौं’ न्यौपानेले भने , ‘माग संबोधन भएन भने परिषद चल्न दिदैनौं ।’ सूचना पाउनुपर्ने अधिकार खोज्दै आफूहरुले दवाव दिएपछि दुई दिनअघि मात्र नगरपालिकाले सूचना पार्टी राखेको अर्का स्थानीय युवा गणेश मैनालीले बताए । औषधी वितरणको लागि फार्मेसी सञ्चालन गर्न आव्हान गरिएको टेण्डरमा अपारदर्शी र भ्रष्टाचार भएको भन्दै स्थानीय युवाहरुले गत जेठ २० गते प्रेस विज्ञप्तिमार्फत नगरपालिकाको ध्यानाकर्षण गराएका थिए । बिर्तामोड नगरपालिकाले नगर अस्पतालमा सञ्चालन गर्ने फार्मेसीको टेण्डर खुलाउँदा स्थानीय सञ्चारमाध्यम र नगर अस्पतालको सूचना पाटीलगायतमा बोलपत्र आव्हानको सूचना प्रकाशन र प्रसारण नगरी आन्तरिक रुपमा सेटिङ्ग गरेर टेन्डर दिएको उनीहरुले दावी गरेका थिए । टेन्डर प्रक्रिया सही नभएको भन्दै आफूहरुले एक महिना अघिदेखि आवाज उठाएपनि नगरपालिकाले बेवास्ता गरेपछि नगरपरिषदमै सबै जनप्रतिनिधिहरुको ध्यानाकर्षण गराउन खोजेको अर्का युवा कैलाश प्रसाईले बताए । पत्रकार सम्मेलनमा विष्णु चुडाल , पुष्प पाठक , आकाश उप्रेती , मधु सिटौला , गोपाल बुढाथोकी ,शंकर चम्लागाई , सुन्दर लिम्बू , डम्बर नेम्बाङ , मिलन खड्का , श्याम गुरुङलगायतले बिर्तामोड नगरपालिकामा देखिएका बेथितिका बारेमा गुनासो गरेका थिए । उनीहरुले दुवै टेन्डर खारेज गरी प्रक्रियागत रुपमा प्रतिष्पर्धामार्फत स्थानीय तथा अनुभवीहरुलाई प्राथमिकतामा राख्दै पुनः टेन्डर लगाई स्थानीयबासीको माग संबोधन गरी सुशासनलाई कार्यान्वयन गर्न माग गरेका छन् ।

आन्तरिक उडान असार १७ देखि

झापा (प्रस) । कोरोना संक्रमण रोकथाम गर्न वैशाख २० गतेदेखि बन्द गरिएको व्यवसायिक आन्तरिक उडान ५९ औं दिनपछि असार १७ गतेदेखि सुचारु हुने भएको छ । सोमबार मन्त्रिपरिषद्ले जनस्वास्थ्यका मापदण्ड पालना गर्ने सर्तमा अन्तर्राष्ट्रिय र आन्तरिक उडान सुचारु गर्न निर्णय गरेको थियो । उक्त निर्णयलाई कार्यान्वयन गर्न मन्त्रिपरिषद्ले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई भनेको थियो । त्यसअनुसार, पर्यटन सचिव यादवप्रसाद कोइरालाले बुधबार असार १७ गतेदेखि आन्तरिक उडान सुचारु गर्ने निर्णय गरेका हुन् ।

‘सचिव स्तरीय निर्णयले जुलाई १ तारिख (असार १७) देखि आन्तरिक उडान सामान्य अवस्थाको तालिकाका आधारमा ५० प्रतिशतमात्रै सञ्चालन गर्ने निर्णय भएको छ,’ नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेलले भने ।

कोरोना संक्रमणको दोस्रो लहर सुरु भएपछि रोकिएको आन्तरिक उडान ६० औं दिनपछि पुनः सर्तसहित सञ्चालन हुने भएको छ । गत वर्ष कोराना संक्रमण रोकथाम गर्ने उद्देश्यले ०७६ चैत ११ गतेदेखि रोकिएको नियमित आन्तरिक उडान १ सय ७९ दिनपछि असोज ५ गते सर्त र कोटासहित सुचारु भएको थियो । आन्तरिक उडानमा ९ वटा वायुसेवा कम्पनी छन् ।

असहाय सानीलाई सहयोग उपलब्ध

कमल (प्रस) । झापा,कमल गाउँपालिका वडा न. ७ गेउरियाकी असहाय सानी केरुङ मगर (जोगमाया) लाई विदेशमा बस्ने एकजना महिलाले १० हजार बरावरको सहयोग सामग्री दिएकी छन् ।

श्रीमान प्रेमले छाडेपछि तीन छोराछोरीकी अभिभावक सानी केरुङ मगरको नाजुक अवस्था देखेर कमल ६ मंगलवारे घर भई हाल रोजगारीका क्रममा कुवेतमा बस्दैआएकी सामाजिक अगुवा कोपिला बस्नेत श्रेष्ठले पीडितलाई खाद्यान्नसहित अन्य भौतिक सामग्रीहरु दिएकी हुन् ।

जारी निषेधाज्ञाका कारण खान गर्न समस्या भएको परिवारलाई राहत पुऱ्याउन आफूले क्लवको समन्वयमा त्यस्तो सहयोग उपलब्ध गराएको उनले बताईन् । उनले यसअघि समेत स्वेदशका विभिन्न सामाजिक कार्यमा सहयोग पुऱ्याउँदै आएकी छन् ।

असहाय सानीको कमल ७ स्थित धिमाल डाँडामा निर्माणाधीन टहरास्थलमा पुगेर मंगलवारेस्थित सगुन युवा क्लवको समन्वयमा बुधबार सो राहत सामग्री पीडित परिवारलाई हस्तान्तरण गरिएको क्लवका सल्लाहकार दिवाकर राईले बताए । राहत हस्तान्तरण कार्यक्रममा उनीसहित क्लवका

❖ बाँकी तेस्रो पृष्ठमा

कनकाईलाई संचारमैत्री बनाउन ध्यानाकर्षण

कनकाई (प्रस) । नगरमा क्रियाशील पत्रकारहरुको संस्था कनकाई सुरुङ्गा प्रेस क्लवले स्थानीय सरकार कनकाई नगरपालिकालाई संचारमैत्री बन्न अनुरोध गर्दै बुधबार ध्यानाकर्षण पत्र बुझाएको छ। कोरोना संक्रमणका कारण प्रेस क्लवका तर्फबाट आवश्यक स्वास्थ्य सुरक्षा अपनाउँदै प्रतिनिधिमूलक सहभागितामा अध्यक्ष रामप्रसाद निरौला, उपाध्यक्ष सावित्रा दाहाल भट्टराई, सचिव मनोज बस्नेतसहितको पदाधिकारीहरुले कनकाई नगरपालिकाका सूचना प्रविधि अधिकृत खगेन्द्र मिश्र समेतको उपस्थितिमा नगर प्रमुख राजेन्द्र पोखरेललाई ध्यानाकर्षण पत्र बुझाएका हुन् । क्लवले थप संचारमैत्री सुशासन कायम गर्न जोडदार माग गर्दै नगरपालिकाले सार्वजनिक गर्नुपर्ने सबै किसिमका सूचनाहरुमा नगरका कर्मचारी र विज्ञापन एजेन्सीवालाको एकाधिकार अन्त्य हुनुपर्नेतर्फ नगरपालिकाको ध्यानाकर्षण गराएको छ । त्यस्तै कनकाई नगरपालिकामा जनप्रतिनिधिले नेतृत्व सम्हालेयता यो चार वर्षको नगरको बजेट पुस्तिकामा हरेक वर्ष विनियोजन भएको “कनकाई नगर पत्रकारिता पुरस्कार” अहिलेसम्म सार्वजनिक नभएको विषयमा प्रष्ट पार्नका लागि नगरप्रमुखको ध्यानाकर्षण गराइएको छ । क्लवका अध्यक्ष निरौला र सचिव बस्नेतद्वारा हस्ताक्षर गरिएको ध्यानाकर्षण पत्रमा स्थानीय संचारकर्मीका साथै यहाँका संचारमाध्यमलाई प्राथमिकताका साथ सूचना उपलव्ध गराउन अनुरोध गरिएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्रको
विद्युत महशुल सम्बन्धी सूचना
हाल विश्वव्यापी महामारीको रुपमा फैलदै गएको COVID 19 को जोखिम न्यूनीकरण तथा नियन्त्रण साथै ग्राहक वर्गको सहजताको लागि विद्युत महशुल भुक्तानी विभिन्न Online Payment System बाट भुक्तानी गरी आफू पनि सुरक्षित रहौ र अरुलाई पनि सुरक्षित राखौं। Online Payment निम्न मध्येको कुनै एक तरिका छनौट गरी गर्न सकिनेछ।
१. E-Sewa
२. Paypoint
३. Prabhu साथै अन्य उपयुक्त App Download गरी गर्न सकिनेछ ।
४. आफूले प्रयोग गर्ने Mobile Banking App मार्फत समेत महशुल भुक्तानीमा गई गर्न सकिनेछ ।
थप जानकारीका लागि सम्पर्क नं:
अनारमनी वितरण केन्द्रको लागि: दिपेन्द्रराज शर्मा ९८४२४५२८०० बसन्त खतिवडा ९८४२६२७८१६
शनिश्चरे उप वितरण केन्द्रको लागि: होमबहादुर कट्वाल मो: ९८४४६९८३६६
सुरुङ्गा उप वितरण केन्द्रको लागि: मदन तिम्सिना ९८६२६४०९५७ कविता पोखेल सुवेदी ९८४९६७८४४७

कोरोना प्रभावितहरुका लागि मनोपरामर्श कार्यक्रम

बिर्तामोड (प्रस) । नेपाल पत्रकार महासंघ झापा शाखाले कोरोना भाइरसबाट संक्रमित र संक्रमणमुक्त भएकासहितका पत्रकारको मानसिक एवं मनोसामाजिक स्वास्थ्यमा टेवा पुर्याउन विशेषज्ञको मनोपरामर्श कार्यक्रम गर्ने भएको छ । महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा बुधबार सम्पन्न भर्चुअल बैठकले त्यस्तो निर्णय गरेको हो । महासंघले कोरोना भाइरसबाट प्रभावितहरुका लागि विशेषज्ञको मनोपरामर्श विषयक भर्चुअल कार्यक्रम असार ११ गते गर्नेलगायतका निर्णय गरेको महासंघ झापाका सचिव डिकेश लामाले जानकारी दिए ।

कोभिड १९ बाट संक्रमित र संक्रमणमुक्त भएकाहरुलाई नियमित मनोपरामर्श दिने कार्यमा खटिरहेका विशेषज्ञ मनोविद् गोपाल ढकालले सहजीकरण गर्ने उक्त कार्यक्रममा यसअघि संक्रमित भई स्वास्थ्यलाभ गरेका, हाल आइसोलेसनमा रहेका तथा सबै पत्रकारलाई सहभागी गराउने निर्णय गरिएको छ ।

संक्रमण मुक्त भएकाहरुले गर्नुपर्ने आफ्नो हेरचाह, कसरी उच्च मनोवलका साथ सामान्य अवस्थामा फर्कने, संक्रमित पत्रकारहरुले स्वास्थ्य सुधारका लागि गर्नुपर्ने कार्य, आत्मबल बढाउनेबारे परामर्श, पत्रकार र आमनागरिकले कोरोनाको सन्दर्भमा ध्यान दिनुपर्ने विषयमा केन्द्रित हुने कार्यक्रममा सहभागिताका लागि सरोकार राख्ने सबैलाई आह्वान गर्ने निर्णय गरिएको छ । कोभिड-१९ को दोस्रो लहरले सञ्चार क्षेत्रमा पारेको प्रभाव तथा उत्पन्न समस्या र महासंघले हालसम्म गरेका कार्यबारे बैठकमा गम्भीर छलफल र समीक्षा भएको जनाइएको छ । हालसम्म झापाका ३४ जना पत्रकार कोरोना भाइरसबाट संक्रमित बनेकोमा एक जनाको निधन भएको र २ जना हाल आइसोलेसनमा रहेका छन् ।साथै सबै पत्रकारलाई प्रविधिको प्रयोग गरेर भरसक घरबाटै काम गर्न र बाहिर जानैपर्ने भए स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूर्ण पालना गरेर मात्र काम गर्न बैठकले अपिल गरेको छ । कोभिड-१९ को दोस्रो लहरको प्रभावबाट प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकार तथा सञ्चार गृहमा उत्पन्न हुनसक्ने समस्याको समाधान, समन्वय लगायतका कार्य गर्नका लागि उपाध्यक्ष केशव भट्टराईको संयोजकत्वमा गठित समिति , कोभिड-१९ को दोस्रो लहरबाट सञ्चार क्षेत्रमा उत्पन्न भएका र हुनसक्ने समस्यालगायत समग्र विषयको अनुगमन गर्न उपाध्यक्ष सुशीला संग्रौलाको संयोजकत्वमा गठित समिति र महासंघको वेबसाइट सञ्चालन र विवरण अद्यावधिका लागि महासंघका सचिव डिकेश लामाको संयोजकत्वमा गठित समितिको कामबारे एवं आर्थिक गतिविधिबारे कोषाध्यक्ष रञ्जित प्रसाईबाट बैठकमा विषयगत रिपोर्टिङ र समीक्षा भएको थियो । उक्त तीनै समितिलाई अझ सक्रिय र आफ्नो कामलाई प्रभावकारी बनाउन बैठकले निर्णय गरेको छ ।

चित्रमा सीमित सन्थाल

पूर्वका आदिबासी सन्थालहरु लोप हुन लागिसके । जनसँख्यासँगै उनीहरुको अस्तित्व नै हराउने अबस्थामा पुगेको हो । लोपोन्मूख सन्थाललाई कलाकार पवन राजवंशीले चित्रमा जीवन्त राख्ने प्रयास गरेका छन् ।

द एभरेष्ट साकोस आफनै नयाँ भवनमा

दमक (प्रस) । दमक ६ मा मुख्य कार्यालय रहेको द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था आफ्नै नयाँ भवनमा स्थानान्तरण भएको छ ।

दमक ५ स्थित बेलडाँगी रोडको सुविधासम्पन्न नयाँ भवनमा बुधबारदेखि औपचारिक रुपमा सहकारी स्थानान्तरण गरिएको सचिव ज्ञाननाथ पौडेल (ज्ञानु) ले बताएका छन् । यसअघि संस्था दमक ६ स्थित थानारोडको एक घरमा भाडामा सञ्चालन हुँदै आएको थियो ।

नयाँ कार्यालय भवनको संस्थाका अध्यक्ष दिपक खरेल र दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । २०६८ सालमा स्थापना भएको सो सहकारीले दुई दिनपछि आफ्नै भवनबाट सम्पूर्ण सेवा सुरु गर्ने अध्यक्ष खरेलले बताए । भवन उद्घाटनका कार्यक्रममा अध्यक्ष खरेलले संस्था स्थापना भएको दश वर्षपछि आफ्नै भवनबाट सेवा शुरु गर्न सफल भएको बताए । पाँचतले भवनको पहिलो तलाबाहेक अन्य सहकारीको कामकाजमा प्रयोग आउने उनले जनाए । नयाँ भवन उद्घाटनमा आयोजित संक्षिप्त कार्यक्रममा संस्थाका उपाध्यक्ष रोशन गौतम, कोषाध्यक्ष यामजी श्रेष्ठ ,लेखा संयोजक राजकुमार न्यौपाने,पूर्व अध्यक्ष कृष्णप्रसाद तिम्सिना , सञ्चालक समिति,कर्मचारीहरुलगायतको उपस्थिति रहेको थियो ।

झापा जिल्लाभरि कार्यक्षेत्र रहेको सो सहकारीको मुख्य कार्यालयसहित केर्खा,सुरुङ्गा,बिर्तामोड र बुधबारेमा सेवाकेन्द्र सञ्चालनमा रहेको छ । संस्थाको शेयर पूँजी हाल ६ करोड ७६ लाख २१ हजार ,निक्षेप ५७ करोड २२ लाख ५० हजार ९९५ र ऋण लगानी ६० करोड २ लाख ४८ हजार २३० रहेको व्यवस्थापक नवराज बाँस्तोलाले जानकारी दिएका छन् । त्यस्तै सहकारीको जिल्ला सहकारी संघ,राष्ट्रिय सहकारी बैक,बचत तथा ऋण सहकारी संघ र नेफस्कुनमा गरी कुल २० लाख ३६ हजार लगानी समेत उनले बताए ।

भद्रपुर जेसीजको एक संक्रमित एक दाता अभियान सुरू

भद्रपुर (प्रस) । मानव सेवाको लक्ष्य राखेर भद्रपुर जेसीजले एक संक्रमित एक दाता अभियान सुरू गरेको छ । भद्रपुर जेसीजले नगरक्षेत्रमा कोरोनाका सक्रिय संक्रमित तथा विपन्न परिवारका विरामीलाई १ हजार १११ रूपैयाँ बराबरको पौष्टिक खाद्य वस्तु वितरण गर्न दाता अभियान सुरू गरेको हो ।

यस अभियानमा सेनिटाईजर,साबुन, मास्क, भिटामिन सी, भिटामिन डी, जिङ्क चक्की, हर्लिक्स, च्यवनप्रासलगायतका खाद्य पदार्थ एवम् पोषण खानेकुरा वितरण गर्ने गरिएको छ ।

भद्रपुर जेसीजका अध्यक्ष खिलनाथ पाण्डे निकासका अनुसार भद्रपुर नगरपलिका क्षेत्रबाट पहिलो चरणमा ६०० जनालाई वितरण गरिने लक्ष्य छ । १५१ जनालाई वितरण गरिसकेको जेसीजले कोभिडका विरामी पहिचान तथा सहयोग समेतलाई तीव्रता दिइरहेको छ । यस अभियानमा करिव दुई लाख बरावरको पोषण खाना वितरण गरिसकेको जेसीजले सात लाख मूल्य वरावरको पोषण खानेकुरा वितरणको योजना राखेको जनाइएको छ ।

भद्रपुर नगरपालिकाका १० वटै वडाहरुमा वितरण गरिने अभियानअन्तर्गत प्रथम चरणमा वडा नं ४,७, ९ र १० मा वितरण गरिसकेको महासचिव मनोज भट्टराईको भनाइ छ । उनले अभियान सफल बनाउन सहयोग गर्न सवै पक्षसंग अपिल पनि गरेका छन् ।

भेषराज...

दाम्पत्य जीवनको शुभकामना व्यक्त गर्दै अबुधाबीमा रहेका झापाली युवाहरूले पनि मायाको चिनो उपहारसहित विशेष सम्मान प्रदान गरेका छन् । असार ८ गते मंगलबार अबुधाबीको टुरिष्ट क्लब एरियामा रहेको ब्लेजिङ स्टार क्लिनिङ सर्भिस एन्ड रियर इस्टेट कम्पनीको हलमा आयोजना गरिएको कार्यक्रममा सामाजिक तथा राजनैतिक व्यक्तित्व ढकाल र झापाली चेली अनु शिवाकोटीको योगदानको चर्चा गर्दै झापाली समाज युएईमा आबद्ध पदाधिकारीहरुले व्यक्तिगत रूपमा विदाई कार्यक्रम आयोजना गरेको संयोजक हेमराज शिवाकोटीले बताए ।

अबुधाबीमा कार्यरल झापाली युवाहरुले नेपाल फर्किन लागेकोमा शुभकामना दिदै विदाई मन्तव्य राखेका थिए ।

अन्तर्राष्ट्रिय झापाली समाजका सचिव रामप्रसाद ढुंगेल, झापाली समाज युएईका पूर्व उपाध्यक्ष हरि कटवाल, झापाली समाज युएईका सचिव लोकेश कोइराला, केन्द्रीय सहकोषाध्यक्ष काशीनाथ ढकाल, अबुधाबी क्षेत्रीय अध्यक्ष सूर्यबहादुर खवास, पूर्व क्षेत्रीय अध्यक्ष हिमाल अधिकारी, पूर्व क्षेत्रीय सचिव शेषराज न्यौपानेलगायतको बिदाई कार्यक्रममा उपस्थिति रहेको थियो । ब्लेजिङ स्टार क्लिनिङ सर्भिस एन्ड रियल इस्टेट कम्पनीका प्रबन्ध निर्देशक केशव कार्कीको विशेष उपस्थितिमा भएको विदाई कार्यक्रममा समाजका अन्य पदाधिकारीहरु नरेन्द्र निरौला, प्राइम कार्गो प्रतिनिधि अस्मिता अधिकारी, अर्जुन सिटौला, मुक्ति बानियाँको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रमका मुख्य आकर्षक भेषराज ढकाल र अनु शिवाकोटीले झापालीहरुको न्यानो माया र सम्मानका लागि आभार प्रकट गरेका थिए । प्रवासमा जति बसेपनि नेपाल र नेपाली भूमिमा कर्म नगरे सन्तोष नहुने भन्दै नेपाल फर्किएर उद्यमशील बन्ने आफ्नो योजना सुनाएका थिए ।

विदाई कार्यक्रमको संचालन रामप्रसाद ढुंगेल र शेषराज न्यौपानेले गरेका थिए ।

सूचना

गलत समाचार सम्प्रेषण अपराध हो ।

त्यसैले सूचनाको तोडमोड नगरौं ।।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

७ दिने सूचना

सधियार पूर्व : श्री दुर्गा प्रसाद उप्रेती पश्चिमः बाटो उत्तरः श्री रन्जना बुढाथोकी दक्षिण : श्री सविना दुङ्गाना सेलवालको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ६ बस्ने श्री हेमकला गुरुङ्ग ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
अर्जुनधारा-६	-	४०३६, ४०४०	०-०-१, ०-०-८	-	२०७८/ ३/१०	२०७८/ ३/०८

नेपाल रेडक्रस सोसाइटी
झापा जिल्ला शाखा
होल्डिङ सेन्टर बनाउनका लागि आवश्यक सामग्री खरिद सम्बन्धी
शिलबन्दी बोलपत्र आब्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७८/०३/१० गते)

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा अन्तर्गत कोभिड-१९ प्रतिकार्य कार्यक्रम अन्तर्गत होल्डिङ सेन्टर बनाउनका लागि आवश्यक सामग्रीहरु शिलवन्दी बोलपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको इजाजत प्राप्त मूल्य अभिबृद्धि कर (VAT) मा रजिष्टर्ड फर्म वा सप्लायर्सबाट सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलवन्दी वोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

शर्तहरु :

१. होल्डिङ सेन्टरमा आवश्यक सामग्रीको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

२. होल्डिङ सेन्टरमा आवश्यक सामग्री आपूर्ति गर्न नेपाल सरकारको इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा सप्लायर्सले निम्न बमोजिम प्रमाणित कागजातहरु सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन अपरान्ह ५.०० बजेभित्र बोलपत्र खरिद गरी ८ (आठ) औं दिन अर्थात मिति २०७८/०३/१७ गते २.०० बजेभित्र ने.रे.सो. झापा जिल्ला शाखा कार्यालयमा पेश गर्न सकिने छ । सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिने छ । बोलपत्र फारामको साथ संलग्न कागजातहरु समावेश गर्नु पर्ने छ ।

(क) अद्यावधिक नवीकरण भएको व्यावसायिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि ।

(ग) आ.व.०७६/०७७ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपी ।

(घ) तोकिएको मिति र म्यादभित्र प्रति सामग्रीको दररेट अङ्क/अक्षर दुवैमा भरी शिलवन्दी लाहाछाप गरी ने.रे.सो. झापा जिल्ला शाखा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. तोकिएको बोलपत्र अन्तिम मितिको भोलिपल्ट ने.रे.सो. रक्तसंचार कार्यालय,चारपानेमा खोलिने छ ।

४. बोलपत्र फाराम रु. २००।–(अक्षरेपी दुई सय मात्र) नगद तिरी (फिर्ता नहुने) ने.रे.सो. झापा जिल्ला शाखा, लेखा फाँटबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

५. निर्धारित ढाँचामा पेश नगरिएका बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

६. बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जिल्ला शाखामा सुरक्षित रहनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य जानकारीको लागि ने.रे.सो. झापा जिल्ला शाखा कार्यालय, भद्रपुर र ने.रे.सो.रक्तसंचार कार्यालय,चारपानेमा सम्पर्क गर्न सकिनेछ ।

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा, भद्रपुर
फोन न. ०२३-५२०१०२,०२३५४१८३३

gj ;~rf/ uk kl+ln=åf/f kl/sflzt tyf gj ;~rf/ ck=;fdf dlbt sfof{no ebk'/ a; :6]08 klZrd, uh'/d'v\6f]h, latf{df3 -e=fkf_ k=fg g+)@#–%$#*@) 0d]h pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

ओली भर्सेस अदालत

गत पुष ५ गते पहिलो पटक प्रतिनिधिसभा विघटनयता पछिल्लो दुई महिनामा मात्रै ओली सरकारले गरेका महत्वपूर्ण पाँच निर्णयलाई सर्वोच्च अदालतले रोकिदिएको छ । संविधानको धारा ७६ को हरेक उपधारालाई आफू अनुकुल व्याख्या गर्दै कुर्सीमा अडिन सफल प्रधानमन्त्री ओलीलाई अदालतले एकपछि अर्को धक्का दिइरहँदा केपी ओलीको राजनीतिक भविष्यमाथि प्रश्न उठ्न थालेको छ । फागुन ११ गते प्रतिनिधिसभा पुनःस्थापना भएयता सरकारले संवैधानिक र कानुनी विवाद उत्पन्न हुने निर्णय गर्दै आएको छ । असंवैधानिक भनिएका यस्ता कदममाथि सर्वोच्च अदालतले रोक लगाउँदै आएको छ । पहिलो पटक गरिएको प्रतिनिधिसभा विघटनदेखि नागरिकता अध्यादेश, गैरसांसद्लाई दोस्रो पटक मन्त्री बनाउने निर्णय, ढुङ्गा गिटी निकासी गर्ने निर्णय र कर्णाली प्रदेशका ४ जना सांसदलाई पार्टीले गरेको कारबाही तथा पछिल्लो समय गरिएको मन्त्रिपरिषद् विस्तारको निर्णयमाथि अदालतले अंकुश लगाएको छ ।

गैर सांसदलाई एकपटकको लागि मन्त्री बनाउन सक्ने संवैधानिक व्यवस्था विपरित माओवादी केन्द्रबाट एमालेमा आएका गैरसांसद्लाई दोस्रो पटक मन्त्री नियुक्त गर्ने प्रधानमन्त्री ओलीको कदमलाई रोक लगाउन सर्वोच्च अदालतले वैशाख ६ गते अन्तरिम आदेश जारी गर्यो । अदालतको आदेशसँगै गृहमन्त्री रामबहादुर थापासहित ७ जनाको मन्त्री पद गुम्यो । दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेको भोलिपल्ट गत जेठ ८ गते सत्तास्वार्थको लागि सरकारले नागरिकता अध्यादेश ल्यायो । सो अध्यादेशमाथि परेको रिटमा पनि सर्वोच्चले कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो । आगामी आर्थिक वर्षको बजेटमा उल्लेख ढुङ्गा, गिटी निकास गर्ने निर्णय पनि कानुनी विवादको विषय बन्यो र सर्वोच्चले निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो । फ्लोरक्रस गरेको भन्दै एमाले माधव नेपाल पक्षका कर्णाली प्रदेशका ४ सांसदलाई हटाउने ओलीको निर्णयमाथि अंकुश मात्र लगाएन, केन्द्रीय समिति खारेज गरेर गठन गरिएको महाधिवेशन आयोजक समिति पनि खारेज भयो । मंगलबार सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत पछिल्ला दुई पटकको मन्त्रिपरिषद् विस्तारलाई असंवैधानिक ठहर गर्यो । अदालतको अन्तरिम आदेशसँगै २० मन्त्री पदमुक्त भए । सरकार गठन सम्बन्धी संविधानको धारा ७६ को हरेक उपधारालाई आफू अनुकुल व्याख्या गर्दै कुर्सीमा अडिन सफल प्रधानमन्त्री ओलीलाई अदालतले एकपछि अर्को धक्का दिइरहँदा ओलीको भविष्य धरापमा परेको छ ।

राष्ट्रिय आवश्यकताको पहिचान

• श्रीप्रसाद प्रसाई

विपन्न मात्र होइन, समृद्धशाली राष्ट्रको पनि आफ्नै समस्या हुन्छन् । विश्वमा त्यस्तो कुनै मुलुक छैन जो समस्यामुक्त छ । हाम्रोजस्तो अल्पविकसित मुलुकमा यत्रतत्र सर्वत्र समस्या छन् । हामी त समस्याकै जालोमा घेरिएका छौं । खानकै समस्या, बस्ने झुपडीकै समस्या, लगाउने पोसाककै समस्या, राजेगारीकै समस्या, आम्दानीकै समस्या, शिक्षादीक्षाकै समस्या, वातावरण प्रदूषणकै समस्या, औषधि उपचार र स्वास्थ्य सेवाकै समस्या, विज्ञ चिकित्सकै समस्या, हिँडडुल गर्नमै समस्या, स्रोतसाधनकै समस्या, हकअधिकार प्रयोगमै समस्या, कानुनको समानुपातिक प्रयोगमै समस्या, वैचारिक स्वतन्त्रतामै समस्या, भावनात्मक एकतामै समस्या तथा स्वच्छ, पारदर्शी र सिद्धान्तमा आधारित राजनीतिमै समस्या, हामी केमा चाहिँ आत्मनिर्भर छौं भन्ने कुरा नै हामीसँग छैन । आमनागरिकले भोग्नुपरेका यस्तै अनेकौं समस्या नै हाम्रो राष्ट्रिय आवश्यकता हुन् । हाम्रो राष्ट्रिय आवश्यकता पनि सबै समान प्रकृतिका छैनन् । प्राथमिकताका आधारमा तत्कालै पूरा गर्नुपर्ने अत्यावश्यक वा आधारभूत समस्या, केही समयको अन्तरालमा पूरा गर्दा हुने अल्पकालीन समस्या तथा दीर्घकालीन योजनाका साथ पूरा गर्नुपर्ने समस्या गरी यसलाई तीन समूहमा वर्गीकृत गर्न सकिन्छ । खाने, बस्ने, लगाउने, जीविकोपार्जन गर्ने, बेरोजगारी, शिक्षा, स्वास्थ्य, शान्ति सुरक्षा, स्वच्छ वातावरण र राजनीतिक स्वच्छता हाम्रा अत्यावश्यक आधारभूत आवश्यकता हुन् । सर्वसाधारण नागरिकको दैनिक जनजीवनमा प्रत्यक्ष असर पार्ने यस्ता आधारभूत आवश्यकतालाई राज्यले पहिलो प्राथमिकतामा राखी तत्कालै कार्यान्वयन गराउनुपर्छ । आधारभूत आवश्यकताप्रति चिन्तित बन्नु नपर्ने अवस्था राज्यमा सिर्जना भए सबै नागरिक स्वावलम्बी हुँदै विकास र प्रगतिको पथमा स्वतः जागरुक बन्छन् । राष्ट्रिय आवश्यकतामध्ये कुनलाई प्रारम्भिक चरणमा राख्ने, कुनलाई अल्पकालीन आवश्यकतामा राख्ने तथा के कुनलाई दीर्घकालीन ठान्ने भन्ने कुरा सरकारले नै तय गर्ने हो । यस्ता आवश्यकता पहिचान वा 'निड आइटेन्टिफिकेसन' गरी क्रमशः पूरा गराउँदै जनता लाभान्वित गराउने दायित्व सरकारको हो । अझ लोकतान्त्रिक सरकारले त जनभावनाअनुसारै आवश्यकता पूरा गर्न निरन्तर सक्रिय बन्नुपर्छ । आवश्यकता पूरा गर्न सरकारले स्थिर नीति तर्जुमा गर्नुपर्छ । मुलुकको दीर्घकालीन स्थिर नीति सरकार वा सत्तासीन दलले मात्र होइन राष्ट्रिय मान्यता प्राप्त सबै दलहरूकै सामूहिक समन्वय र समझदारीमा पारित गराई कर्यान्वयनमा ल्याउने दायित्व पनि सरकारकै हो । जसले गर्दा सत्ता परिवर्तन हुँदा राष्ट्रिय मान्यता प्राप्त जुनसुकै दल सत्तामा पुगे पनि राष्ट्रिय नीतिमा कुनै परिवर्तन नआओस् । जुनसुकै दलको जोसुकै व्यक्तिले सत्ताको नेतृत्व गरे पनि उसले राष्ट्रिय नीति मुताबिकै राज्य सञ्चालन गर्न बाध्य हुनुपरोस् । यसो भए व्यक्ति स्वेच्छाचारी बन्न पाउँदैन । स्थिर राष्ट्रिय नीति समयानुकूल परिवर्तन गर्नुपर्ने भए सर्वदलीय सहमतिबाटै परिवर्तन गरिनुपर्छ । यो प्रक्रियाद्वारा राज्य सञ्चालित भए मात्र देश र देशवासीको हित र कल्याण हुन्छ । तर, अहिलेको हाम्रो मुख्य चुनौती नै स्थिर नीतिविहीन स्वेच्छाचारितमा आधारित व्यक्तिवादी राज्य सञ्चालन गर्ने प्रवृत्ति नै हो ।दलीय एवं व्यक्तिगत स्वार्थमै राज्य सञ्चालन गर्ने प्रवृत्तिकै कारण, १३ वर्ष बितिसक्दा पनि लोकतन्त्र जनकल्याणकारी व्यवस्थामा स्थापित हुन नसकेको सर्वविदितै छ । स्थिर नीति त परै जाओस् पूर्वसरकारले गरेको जस्तोसुकै राम्रो कार्यलाई नै मान्यता वा निरन्तरता नदिई पुनः आफ्नै ढंगले परिवर्तन गरी सम्पन्न पारे महत्वपूर्ण कार्य गरेको ठान्ने नेताको मानसिकता देश विकासको बाधक बन्दै आएको छ । स्थिर नीति कार्यान्वयन गराउन सत्तासीन नेता मात्र होइन राज्य संयन्त्रको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । राष्ट्रसेवकलाई प्रभावकारी ढंगले परिचालन गराउन उनीहरूको मनोबल उच्च गराउनुपर्छ । उच्च मनोबलको लागि राष्ट्रसेवक परिचालित गराउने अलगै स्थिर मापदण्ड पनि सरकारले निर्माण गर्नुपर्छ । स्थिर प्रशासनिक मापदण्ड पनि प्रमुख प्रतिपक्षको समझदारीमा निर्धारण गरिएको हुनुपर्छ । मन्त्रालयको नेतृत्व फेरबदल हुँदा कर्मचारी प्रशासनको मापदण्ड फेरबदल हुनु हुँदैन । राज्य प्रशासनलाई व्यक्तिको स्वेच्छामा होइन विधिसम्मत परिचालित गराउनुपर्छ । सरकारको कार्यनीति राज्य प्रशासनबाट उचित तवरले कार्यान्वयन भएको छ/छैन ? अनुगमन गर्ने, प्रभावकारी कार्यान्वयनमा समस्या भए कारण पहिचान गरी सुधार गर्ने र कार्य निरन्तर सञ्चालित गराउने दायित्व सरकारको हो । राज्यका कर्मचारीहरू व्यक्ति विशेषका हुँदैनन् भन्ने कुरा पनि सत्ता सञ्चालकले मात्र होइन राष्ट्रसेवकले पनि बुझेको हुनुपर्छ । हाम्रो मुलुकको सन्दर्भमा राज्य प्रशासनलाई आफ्नै निजी औजार ठान्ने प्रवृत्ति सत्ता सञ्चालकमा देखिँदै आएको छ । मन्त्री परिवर्तन हुनासाथ मन्त्रालयको कार्य प्रकृतिको आधारमा काम कार्यमा दक्ष होस् नहोस् कार्यरत सचिवलाई फालेर आफ्नै निकटतम व्यक्ति ल्याउने । मातहतका विभागमा आफू अनुकूलकै पदाधिकारी नभए हटाएर अनुकूल ल्याउने । जिल्ला र स्थानीय तहसम्मै आफ्नै लवीका कर्मचारीको सेटिङ मिलाउने तथा आफ्नै चाहनाअनुसार सुचारु रूपले कार्य सञ्चालन गर्ने मानसिकता मन्त्रीमा हुन्छ । यस क्रममा कतिपय पेसागत रूपमा दक्ष व्यक्ति फालिन्छन् भने कतिपय सम्बन्धित क्षेत्रको अनुभवै नभएका कोरा व्यक्तिले कार्य गर्नुपर्दा कार्यमा प्रभावकारिता आउँदैन । कर्मचारी प्रशासनलाई अस्थिर र गतिहीन बनाउने स्वेच्छाचारी नीतिले विकास निर्माण र सेवा प्रदायक कार्यमा अवरोध आएको अनेकौं दृष्टान्त छन् । वास्तवमा राज्य संयन्त्रलाई व्यक्तिवादी नीतिले होइन स्थिर राष्ट्रिय नीति अनुरूपै परिचालित गराउनुपर्छ । जसले गर्दा एकातिर 'राइटमेन इन राइट प्लेस'को साथै कार्यरत रहने समयावधि निश्चित हुने भएकाले कर्मचारीको कार्य प्रभावकारी बन्छ । राज्य प्रशासनमा अहिले देखिएको मुख्य चुनौती नै कर्मचारीको अस्थिरता हो । व्यावसायिक दक्षताको उपेक्षा गर्ने प्रवृत्तिले मन्त्रालयदेखि स्थानीय तहसम्म निकटतम कर्मचारीकै सेटिङ हुने भएपछि नेताले आफ्नै इच्छाअनुसारको कार्य सञ्चालन गर्छन् । योजना परियोजना सञ्चालन गर्ने विकासे मन्त्रालय र सो मातहतको कर्मचारी पनि अनुकूल राखी आफ्नै इच्छाअनुरूप कार्य सञ्चालन गर्न मन्त्रीलाई मार्ग प्रशस्त हुन्छ । अल्पकालीन एवं दीर्घकालीन योजनामा कार्यरत दक्ष कर्मचारीकै फेरबदल हुने भएपछि, योजनाको विगतको कार्य सन्तोषजनक नभएको, बजेट अपर्याप्त रहेको, थप बजेट आवश्यक पर्ने भनी निकासा गराउने र बदनियतपूर्ण ढंगले कार्य सञ्चालन गरी लाभ लिन नेतालाई सहज हुन्छ । यही प्रवृत्तिले भ्रष्टाचार मौलाइरहेको छ । अझ कतिपय निर्माण संरचनाको स्वरूपै परिवर्तन गर्ने, प्रभावकारी र गुणस्तरीय सामग्री प्रयोग गर्ने बहानामा आफ्नै तजबिजमा कार्य गर्दा आफूलाई बहादुर ठान्ने नेताको प्रवृत्तिले बराबर राष्ट्रिय ढुकुटीको दोहन भइरहेको छ ।

सत्तामा रहने सबै पदाधिकारीले स्थिर राष्ट्रिय नीतिअनुरूपै कार्यसञ्चालन गर्ने हो भने उपरोक्त विकृति हुन पाउँदैन । मन्त्रालय सम्हाल्न मन्त्री जोसुकै पुगे पनि उसले पूर्वनिर्धारित योजनाअनुसारकै डिजाइनमा, उही गुणस्तरको, समयमै कार्य सम्पन्न गर्न अग्रसर रहनुपर्ने हुन्छ । कर्मचारीको समयावधि पुगेर हेरफेर गर्नुपर्ने अवस्थाबाहेक तलदेखि माथिसम्मकै कर्मचारी एकै साथ हेरफेर नहुने भएकाले निर्धारित समयभित्रै कार्य सम्पन्न गर्नैपर्ने दायित्वबाट कर्मचारी उम्कन पाउँदैनन् । कसको पालामा कुन कार्य कस्तो भयो भन्ने अनुगमन प्रक्रियाको अभिलेख सिस्टम नै विकसित हुने भएकाले राष्ट्रिय बजेट पनि दुरुपयोग हुन पाउँदैन । भौतिक संरचना तोकिएको मापदण्डअनुसारै हुने भएकाले गुणस्तरीय र टिकाउ हुन्छन् । यसबाट सर्वसाधारण नागरिक नै लाभान्वित बन्छन् । बराबर मर्मत सम्भार गरिरहनुपर्ने अवस्था नआउने भएकाले बजेट दुरुपयोग हुन पाउँदैन ।दीर्घकालीन राष्ट्रिय नीतिअनुरूपै सरकार चल्दाको अर्को फाइदा विकास निर्माणले गति लिने हो । यसमा राजनीतिक अस्थिरताले कुनै असर पार्दैन । मुलुकको स्थायी सरकार मानिने कर्मचारी प्रशासन मजबुद हुने भएकाले निर्माण कार्य रोकिँदैन । ६/६ महिनामै सत्ता परिवर्तन भए पनि सम्पन्न भइसकेको कार्य अवस्था र बाँकी रहेको कार्यको तुलनात्मक रूपमा लेखाजोखा हुने र सोको आधारमा गर्नुपर्ने मासिक कार्य विवरण निर्धारित हुने भएपछि त्यसलाई समयमै सम्पन्न गर्नैपर्ने बाध्यता हुन्छ । कार्य सम्पन्न पार्न मन्त्रीदेखि मातहतका कर्मचारी सबैले तदारुकता देखाउनुपर्छ । सर्वसाधारण नागरिकले समेत कुन मन्त्रीको कति अवधिको कार्यकालमा कति कार्य भयो, औसत समयको अनुपातमा सो कार्य पर्याप्त हो वा कमी ? भनी तुलनात्मक रूपमा अनुगमन गर्न पाउने भएकाले पदीय दायित्व सम्पन्न गर्न कुन नेता ठीक कुन बेठीक भनी सर्वसाधारण उपभोक्ताले नै मूल्यांकन गर्न सक्छन् । तर, यो अवस्थामा कार्य सञ्चालन गर्ने प्रमुख आधारभूत तत्व भनेको स्वच्छ, पारदर्शी र सिद्धान्तमा आधारित राजनीति नै हो । राजनीतिक नेताहरू सबै नैतिकतवान् र जनता एवं देशप्रति इमानदार हुने हो भने सबै कार्य बिनाअवरोध स्वतः सुचारु रूपले सञ्चालित हुन्छ । राष्ट्रिय नीतिको प्रभावकारिता भनेकै यही हो । राष्ट्रिय आवश्यकताको पहिचानअनुरूप कार्य सञ्चालन गर्ने परिपाटीमा नेताको दायित्व पनि बढ्छ । अन्तर मन्त्रालयकै कार्य प्रतिस्पर्धात्मक रूपमा हुन्छ । मन्त्रीले पार्टीका गतिविधिमा समय खर्चन पाउँदैनन् । कार्यकारी प्रधानमन्त्रीको भूमिका पनि मन्त्रालयस्तरीय कार्य अनुगमनमै केन्द्रित हुन्छ । यसले प्रधानमन्त्रीलाई क्रियाशील गराउँछ । कार्यकारी प्रधानमन्त्रीहरू पनि को सक्रिय थियो, को निष्क्रिय भनी आमनागरिकले नै पहिचान गर्न सक्छन् । सत्ता फेरबदल भए पनि सिस्टमलाई नै फलोअप गर्नैपर्ने भएपछि मुलुकको कार्यकारी प्रमुखले स्वेच्छाचारी बन्न पाउँदैनन् । तर, यो अवस्था सिर्जना गराउन जनता पनि उतिकै जागरुक हुनैपर्छ । सार्वभौम सत्ताका मालिक जनता आफैं जागरुक बने नेतालाई जनताले अंकुश लगाउन सक्छन् । यो मुलुको अहिलेको मुख्य राजनीतिक आवश्यकता हो । यसलाई सफलिभूत बनाउन राष्ट्रिय राजनीति सकारात्मक हुनुपर्छ ।

तर नेता वा जनप्रतिनिधिउपर जनताले अंकुश लगाउने सिस्टम अझै हाम्रोमा विकसित भएको छैन । राष्ट्रिय राजनीतिमा देखिँदै आएको असह्य एवं अनियन्त्रित व्यवहारलाई दृष्टिगत गरी आफूले विश्वास गरी पठाएका जनप्रतिनिधिले विश्वासघात गरी धोका दिएको अवस्थामा जनकारबाही कसरी गर्ने ? अब जनातासामु देखिएको यो चुनौतीपूर्ण प्रश्न हो । यसको उचित जवाफ जनताबाटै आउनुपर्छ । राष्ट्रिय राजनीतिमा देखिएको पछिल्लो गाइजात्रा कसैको नजरबाट छिपेको छैन । एकीकृत भई चुनावमा सहभागी भएर अत्यधिक विश्वासका साथ सत्तामा पुऱ्याइएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का शीर्षस्थ नेताकै स्वार्थको खिचातानीले दुई दल पूर्ववत अवस्थामा फर्किए । कतिपय नेता नै खरिद बिक्री भए । कतिले आफूले टेकेर आएको धरातलै बिर्सिएर दल परिवर्तन गरे, पद हत्याउन जस्तोसुकै सम्झौता गर्न पछि परेनन् । नेतामा स्वेच्छाचारिता हावी भयो । नेपाल कम्युनिस्ट पार्टीमा मात्र होइन सबै पार्टीमा यो प्रवृत्ति देखियो । जनप्रतिनिधिको यस्तो लैवरीपनले ऊप्रति आस्थावान् हजारौं मतदाताको राजनीतिक आस्थामा कुठाराघात भयो । तर, त्यस्तै व्यक्तिलाई लगाम लगाउने आधार जनतामा छैन । यो नै अहिलेको सबैभन्दा ठूलो राजनीतिक समस्या हो ।

वास्तवमा जनप्रतिनिधिले जनभावनाअनुसारै चल्नुपर्छ । जनभावना उपेक्षा गर्नेलाई जनताले व्यावहारिक दण्ड दिन सक्छन् । जनुसुकै दलको चुनाव चिह्न लिएर विजयी हुने प्रतिनिधिले सो पार्टीप्रति आस्थावान् निर्वाचन क्षेत्रकै सम्पूर्ण जनताकै प्रतिनिधित्व गरेको हुन्छ । अर्को शब्दमा ऊ निर्वाचन क्षेत्रको राजनीतिक आस्था प्रतिबिम्बित गर्ने पात्र पनि हो । एउटा दलबाट छनोट हुने तर स्वार्थमा परी दल परिवर्तन गर्ने वा खरिद बिक्री हुने अवसरवादी वास्तविक नेता होइन । यस्तो व्यक्तिले जनमत नै बिक्री गरेको मानिन्छ । यसर्थ दल परिवर्तन गर्ने अवसरवादीलाई पुनः साबिकको निर्वाचन क्षेत्रबाट मात्र होइन अन्य सम्पूर्ण क्षेत्रबाटै बहिष्कार गर्नुपर्छ । यस अतिरिक्त यस्ता व्यक्तिले प्रत्यक्ष हुने आमनिर्वाचनमा पुनः उम्मेदवार बन्न नपाउने कानुनी व्यवस्था मिलाउनुपर्छ । तर, यस्तै व्यक्तिको साथ लिएर पदमा पुग्न रुचाउने शीर्षस्थ नेताहरू यस्तो कानुनी व्यवस्था गर्न राजी होलान् ? यो उत्तिकै चुनौतीपूर्ण प्रश्न हो । निर्वाचन आचारसंहितामा मात्रै यस्तो व्यवस्था गरिए जनप्रतिनिधिको द्वैध चरित्र अन्त्य हुन्छ ।

यस्तै, व्यक्तिको स्वार्थमा रुमलिएको राष्ट्रिय राजनीतिकै कारण भूकम्प गएको ६ वर्ष बितिसक्दा पनि कतिपय प्रभावितले अझै पालको बासबाट मुक्ति पाएका छैनन् । सुकुमबासीको झुपडी भत्काएर ठाउँठाउँमा भ्युटावर निर्माण भइरहेको छ । दुर्गम गाउँबस्तीका जनताले शिक्षा, स्वास्थ्य सेवाबाटै वञ्चित हुनुपरेको छ । जनसंख्याको अनुपातमा सबै जिल्लामा समानुपातिक विकास भएको छैन । उकालीओरालीमा भारी बोक्ने, दैनिक ज्यालादारीमा गुजारा गर्ने, हलो जोत्न तथा सडक किनारमा माग्न बस्नेलाई भ्युटावरको के महत्व ? भ्युटावर त सम्पन्नताको प्रतीक हो । औसत नेपाली जनसंख्या भ्युटावरबाट दुर्गन्धित सहरको दृश्य हेर्ने अवस्थामै छैनन् । यसैले आमनागरिकको प्रमुख आवश्यकता के हो ? पहिचान गरी त्यस्ता अत्यावश्यक विषय पूरा गराउन सरकारले ध्यान दिए मात्र लोकतन्त्र व्यावहारिक रूपमा स्थापित भएको ठहर्छ । यसको निम्ति राष्ट्रिय आवश्यकताका पहिचान गरी सोअनुसार सरकारले कार्य गर्नु अपरिहार्य छ ।

राजनीतिक ध्रुवीकरण र पार्टी एकता

• कृष्ण पोखरेल

राजनीतिक पार्टीहरूको विभाजन किमार्थ राम्रो होइन । तिनका नेताहरूमा देखिएका मतभेद वा मनभेदहरू चाहे ती वैचारिक हुन्, सांगठनिक हुन् वा स्वार्थसिर्जित हुन्, ती हट्नु र विभाजनको डिलमा पुगेको भए पनि फर्कनु र मिल्नु स्वागतयोग्य विषय हो । झन् यदि त्यो सत्तारुढ पार्टीको विभाजन हो भने त्यसले त्यो पार्टीलाई मात्र नोक्सान हुने नभई मुलुकलाईसमेत अनिश्चितता र अस्थिरतातर्फ धकेल्ने खतरा हुन्छ । तर, पार्टीको एकता या विभाजन यस्तो भइदिए हुन्थ्यो, उस्तो भइदिए हुन्थ्यो भन्ने कामना वा पवित्र चाहनाको बसमा हुँदोरहेनछ । विभाजनको सम्भावित कारण नखोज्ने हो, त्यसको जरैमा पुगेर उपचार नखोज्ने हो र विवादका विपरीत ध्रुवमा रहेकामाझ 'विनविन'को फर्मुला नखोज्ने हो भने एकता सम्भव हुन्न । अझ सबैभन्दा ठूलो र आधारभूत विषय के हो भने विवादका पक्षहरूबीच समाधानको भित्रैदेखि चाहना र इमान्दार हुनु अत्यावश्यक हुन्छ । किनकि, एकता प्रयासमा एकअर्कालाई गलाउने, झुक्याउने वा तिकडमबाजी भयो भने या त त्यो एकता सम्भव हुन्न कथंकदाचित् भइहाल्यो भने पनि त्यो दिगो हुँदैन ।

यतिवेला दुवै सत्ताधारी पार्टी एमाले र जसपामाथि विभाजनको कालो बादल मडारिइरहेको छ । तर, जसपामा त दुवै पक्ष आ-आफ्नो कित्ताकाट गर्न यसरी दिलोज्यानले लागेका छन् कि तिनको एकताको सम्भावना र चुनौतीबारे चर्चा गर्नुको कुनै तुक छैन । जहाँसम्म एमालेको कुरा छ, त्यहाँ त तै एकताको मौसमी धुनसम्म बजिरहेको छ । त्यसैले यहाँ यही एमालेको एकता कति सम्भव छ र त्यसका सामु केकस्ता चुनौती छन्, त्यसबारे चर्चा गर्ने जमर्को गरिएको छ ।

यहाँ प्रारम्भमै एमाले र माओवादीबीच भएको चुनावी गठबन्धन र त्यसले आमनिर्वाचनमा ल्याएको जादुगरी परिणाम अनि पार्टी एकताका परकम्पबारे थोरै चर्चा गर्नु सान्दर्भिक हुनेछ । किनकि यतिवेला एमालेमा प्रारम्भ भएको विवादको सन्दर्भ त्यही माओवादीसँग हौसिएर गरिएको पार्टी एकतासँग जोडिन्छ । पछाडि फर्केर हेर्दा के देखिन्छ भने माओवादीको जे नियत भए पनि आफ्नै पार्टीका अन्य दाँवली नेताहरूसँग पनि सरसल्लाह नगरी छापामार शैलीमा बनाइएको चुनावी गठबन्धन र नेकपा निर्माणका दौरान भएका लेनदेनको ओली-नियतचाहिँ फगत 'युज एन्ड थ्रो' मात्र रहेछ । कतिसम्म भने, त्यसवेला त्यसका लागि आफ्नो पार्टी सिद्धान्त जनताको बहुदलीय जनवादको पनि उनलाई मतलब भएन । उनी सहजै आफ्नो जबजलाई बिर्सेर समाजवादउन्मुख जनताको जनवाद मान्न तयार भए । प्रचण्डसँगको एकताबाट जबसम्म ओलीले माधव नेपाल र झलनाथ खनाललाई पन्छाउन र खेलाउन पाइरहे तबसम्म सबै कुरा ठीकठाक चल्यो । तर, जब उनका शासकीय दम्भ र एकलकाटे कार्यशैलीविरुद्ध बाँकी सबै नेता एकगठ भए उनलाई त्यही नेकपा घाँडो भयो । स्थिति कतिसम्म भयो भने नेकपाका बहुमत नेता र बहुमत केन्द्रीय सदस्य उनीविरुद्ध उभिए।

आज एमालेमा देखिएको विवादको जरो त्यही नेकपासँग जोडिएको छ जसलाई सर्वोच्च अदालतको एउटा फैसलाले अर्को मोडमा पुऱ्याइदियो । हो, हिजो नेकपा बनेका कारण माओवादीतिरका रामबहादुर थापालगायत केही नेता ओलीले 'फोसा'मा पाएका छन्, तर आफ्नो पार्टीको नेतृत्वमा रहेका ख्यातनाम नेतादेखि कार्यकर्ताको ठूलो पंक्तिको साथ उनले गुमाउने अवस्था पनि सँगसँगै देखिएको छ । यतिवेला ओली जे गर्दै छन् त्यो ठीक छ छैन भन्ने एउटा कुरा भयो, तर उनको रोडम्याप प्रस्ट छ । उनलाई उनको एमालेमा राय बझाउने हैसियतका नेता चाहिएको छैन । उनलाई पिछलग्गु र चाटुकार भए पुग्छ । उनी पदमा टिकिरहन विधि-विधान मिच्न तयार छन्, देशी-विदेशी जुन शक्तिसँग जति झुकेर पनि सम्झौता गर्न तयार छन् । सर्त कति मात्रै हो भने त्यसले उनको प्रधानमन्त्री पद कायम रहनुपर्छ । उनी आफ्नै नेतृत्वमा आमचुनाव गराउन चाहन्छन् र सबै हतकन्डा प्रयोग गरेर त्यसमा विजयी हुन चाहन्छन् । कुनै कारणले निर्वाचन भएन भने पनि उनलाई केही बितेको छैन किनकि सत्ता उनको हातमा छँदै छ । यदि संवैधानिक संकट आयो भने पनि छु मतलव ? यो संविधानमा उनलाई मन नपरेका मान्यताहरू न धराशयी हुने हुन् ! त्यसले त झन् एक पन्थ दुई काज नै त हुने हो- आफ्नो स्वार्थसिद्धि र मालिकको सेवा । मेरा यी दाबी कतिपयलाई फजुल लाग्ला । तर, तथ्यहरूले त्यसैतर्फ इसारा गर्दै छन् । पार्टीभित्रकै कुरा गरौं । उनले अदालतको फैसलापछि जानाजान माधव-झलनाथ र उनका पक्षका नेताहरूलाई खबरै नगरी पार्टीको केन्द्रीय कमिटी बसाएका होइनन् ? सिलसिलाबद्ध रूपमा बसेका त्यही गुटको बैठकको निर्णयबाट पार्टी पदाधिकारीलाई पदच्यूत गरेका होइनन् ? केन्द्रीय कमिटी भंग गरेर महाधिवेशन आयोजक कमिटी बनाएका होइनन् ? उनका यी अनर्गल हरकतमा उनको गुटमा भएका दुनियाँले समेत आस गरेका नेताहरू 'चुँ'सम्म बोले ? राय बझाए ? पार्टी एकताको बजार भाउ उच्च छ र त आफू संकटमा पर्दा उनी एकताको पासो फ्याँक्ने गर्छन् । वास्तवमा एकता पक्षधर कार्यकर्ताको भावनाको शोषण र पार्टी फुटे के होला ? भन्ने साँच्चै चिन्ता गर्ने कार्यकर्ताको भय-दोहन गर्न र लोभी-पापीहरूलाई अवसरको केही जुठोपुरो दिनका लागि मात्र उनको पार्टी एकताको पहल केन्द्रित देखिन्छ ।

उनी आफ्नो वक्तव्यमा भनेजस्तै साँच्चै २०७५ साल जेठ २ गतेभन्दा अगाडिको अवस्थामा पुगेर पार्टी एकता बचाउन चाहन्थे भने कर्णाली प्रदेशमा फ्लोर-क्रस गर्ने सांसदलाई गरिएको निष्कासनको कारबाहीविरुद्ध सर्वोच्च अदालतले महाधिवेशन आयोजक कमिटीलाई कानुनले नचिन्ने भनी उल्टाउने अन्तरिम आदेशलाई शिरोपर गरेर माधव-झलनाथ पक्षको मागसमेत सम्बोधन हुने बाटामा सहजै हिँडे भइहाल्थ्यो नि । उनी त्यो आदेशलाई उल्ट्याउन 'भ्याकेट'मा जानुले उनको वास्तविक नियत उजागर गर्दैन र ? अब पनि दुवै पक्षलाई जोड्न वार्तामा सहभागी माधव-झलनाथ पक्षका वार्ताकारको आँखा उघ्रिँदैन भने निधाएकोलाई ब्युँझाउन सकिन्छ, निदाएजस्तो गरिरहेकालाई सकिँदैनरहेछ भन्नैपर्ने हुन्छ ।

कानुनी शासनलाई 'कानुनद्वारा शासन'मा रूपान्तर गर्ने उनका अनेक प्रयासलाई यतिवेला अदालतले क्रमशः उल्टाइरहेको छ । हो, संवैधानिक निकायहरू कब्जा गर्ने उनको प्रयासमा अदालतले किन अंकुश लगाउन सकिरहेको छैन भन्ने कुरा यतिवेला चर्चामा छ । कहीँ यो विषय प्रधानन्यायाधीशकै स्वार्थसँग जोडिएकाले अदालत मौन बसेको त होइन ? आफ्नो सत्ता जोगाउन जसपाको ठाकुर-महतो पक्षसँगको उनको गठजोड र महाकाली क्षेत्रमा भारतले सडक बनाउने नाममा गरिरहेको दैनन्दिनको ज्यातदीविरुद्धको मौनताले उनका सबै पूर्वअडानहरूको वास्तविकता बताइरहेछ ।

पार्टी एकताको उनको पछिल्लो राग कसैलाई मधुर धुनजस्तो पनि लाग्ला, तर मेरो विचारमा यो किन बेसुरा छ भने उनी एक तीरले दुई सिकार गर्न चाहन्छन् । उनको पहिलो उद्देश्य त माधव-झलनाथ पक्षलाई देउवाको नेतृत्वमा सरकार बनाउने पहलकदमी र त्यसका लागि अदालतमा हालिएको मुद्दाबाट फिर्ता गराउनु हो । यसो हुनासाथ माधव नेपाल र झलनाथ खनालको राजनीतिक छवि र विश्वसनीयता कहिल्यै नउठ्ने गरी गर्ल्यामगुर्लुम ढल्छ र उनको सत्ता पनि जोगिन्छ । र, दोस्रोचाहिँ यदि यो सम्भव भएन भने म त एकताको हिमायती नै थिएँ, उनीहरू पो एकताविरोधी हुन् भन्ने 'न्यारेटिभ' निर्माण हुन्छ ।

यो वेला एकपटक फेरि मुलक तीव्र राजनीतिक ध्रुवीकरणतर्फ बढिरहेछ । ओली जसपाको ठाकुर-महतो गुट र राप्रपाको कमल थापा पक्षसँग मिलेर सर्वसत्तावादी मार्गमा अघि बढ्न आतुर छन् भने अर्कातिर उनीविरुद्ध संविधानका मूल्य, मान्यता र लोकतन्त्रको जगेर्ना गर्ने ध्येयले कांग्रेस, माओवादी केन्द्र, जसपाको यादव-भट्टराई पक्ष, एमालेको माधव-झलनाथ पक्ष र राष्ट्रिय जनमोर्चा राजनीतिक र कानुनी लडाइँमा डटेका छन् । यो लडाइँमा यति अघि बढिसकेको एमालेको माधव-झलनाथ पक्ष एकताको मृगमरीचिकामा परेर पछि हट्नु भनेको राजनीतिक 'हाराकिरी' हुन्छ । वस्तुतः यसो गर्नु भनेको आफैंले मेचीदेखि महाकालीसम्म बनाएको समानान्तर पार्टी संगठन र राष्ट्रिय तहमा पुनर्गठित गरेका जनवर्गीय संगठनका नेता कार्यकर्तालाई धोका दिनु हो ।

वामपन्थी विचार र पार्टी पुनर्गठनको ऐतिहासिक काममा जुटेर हिजो बीचमै बिथोलिएको पार्टी एकतालाई टुंगोमा पुऱ्याउनु र बृहत् वाम-लोकतान्त्रिक मोर्चामा दह्रोसँग खुट्टा टेकेर अघि बढ्नु नै संविधान, लोकतन्त्र र मुलुकको बृहत् हितका लागि श्रेयस्कर बाटो देखिन्छ । यो नै समयको माग पनि हो ।

भेषराज र अनु नेपाल फर्किए

अबुदाबी (प्रस) । वैदेशिक रोजगारीको क्रममा २० वर्ष युएईमा रहेर अबुधाबीको नेपाली सामाजिक गतिविधिमा संलग्न भएर योगदान गरेका तनहुँ निवासी भेषराज ढकाल र झापाली चेली अनु शिवाकोटी नेपाल फर्किएका छन् । नेपाली समाज युएईमा काम गरिसकेका नेकपा एमालेको प्रवास संगठन प्रवासी नेपाली मञ्च युएईका वर्तमान महासचिव ढकाल आफ्नै देशमा व्यवसाय गर्ने लक्ष्य बोकी नेपाल फर्किएका हुन् ।

युएईमा रहेको अवस्थामा वैवाहिक सुत्रमा आबद्ध भएर नेपाल फर्किएका युगल जोडीलाई विभिन्न संस्था तथा समूहले विशेष कार्यक्रम आयोजना गरी बिदाई गरेका छन् । एक साताअगाडि प्रवासी नेपाली मञ्चले सारजामा भव्य विशेष कार्यक्रम आयोजना गरेर महासचिव ढकाल र संगठित सदस्य अनु शिवाकोटीलाई विदाई गरेको थियो । त्यसैगरी प्रवासी मञ्चको अबुधाबी क्षेत्रीय समितिले पनि असार ७ गते सोमबार नेपाली रेस्टुरेन्ट अबुधाबीमा मायाको चिनो दिएर बिदाई गरेको थियो ।

झापालीहरुको भव्य विदाई

युएईको रोजगारीलाई छाडेर नेपाल फर्कन लागेको उपलक्ष्यमा हार्दिक विदाई तथा सफल

❖ बाँकी अन्तिम पृष्ठमा

शिक्षासेवी देउजालाई पितृशोक

बिर्तामोड (प्रस) । शिक्षासेवी डम्बरबहादुर देउजालाई पितृशोक परेको छ। पञ्चरत्न माध्यमिक विद्यालय बिर्तामोड- २ का सहायक प्रधानाध्यापक , नेपाल राष्ट्रिय शिक्षक संगठन झापाका पूर्व अध्यक्ष, पेशागत महासंघ नेपालका राष्ट्रिय समितिका सदस्य, नेकपा (एमाले) जिल्ला कमिटी सदस्य, सहारा नेपालका वर्तमान कोषाध्यक्ष देउजाका पिता पूर्णबहादुर देउजाको मंगलबार बेलुका १०:१० बजे ९४ वर्षको उमेरमा निधन भएको हो । निजी निवास बाह्रदशी ५ घोडामारा चकचकीमा निधन भएका पूर्णबहादुरको बुधबार कनकाई माईमा अन्त्येष्टि गरिएको जनाइएको छ ।

असहाय...

सदस्य रुपनारायण निरौलालगायतको उपस्थिति रहेको थियो । पीडितलाई २५ केजी चामल,तेल,दाल,नुन,सोयाविन,सावुनसहित डस्ना,सिरक,खाना पकाउने ग्याँस र चुल्हो हस्तान्तरण गरिएको थियो । सहयोग वुझ्दै पीडितले मनकारीप्रति धन्यवाद दिएकी थिइन् ।

चार बर्षअघि खुट्टा नचल्ने अवस्था पुगेपछि श्रीमानले छाड्का उनी अर्काको घरमा बसेर जेनतेन गुजारा निर्वाह गर्दै आएकी छन् । आफन्तको घरमा समेत सधैभरि बस्न समस्या भएपछि घामपानी छल्ने छाप्राको व्यवस्था गरिदिन उनले आग्रह गरेकी छन् । उनले भनिन्,-'आफूसंग घरजग्गा पनि छैन, परिवारलाई कसरी हुर्काउने भन्ने मात्र चिन्ता लाग्छ ।'

यसैवीच अशक्त समेत रहेकी सानीको नाजुक अवस्था देखेर स्थानीय सामाजिक अगुवा शान्ता केरुङ अस्थायी रुपमा बस्नका लागि टहराको व्यवस्था गर्न जुटेकी छन् । बिचल्ली सानीको परिवारलाई अस्थायी रुपमा भएपनि बसोबास दिलाउन टहरासहित आधारभूत भौतिक सामग्रीको व्यवस्था गर्ने कार्य धमाधम भईरहेको उनले बताईन् ।

सूचना

गलत समाचार सम्प्रेषण अपराध हो ।

त्यसैले सूचनाको तोडमोड नगरौं ।।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गरिन्छ ।

निम्नः-

(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने ।

(२) सार्बजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने ।

(३) कार्यालय, पसल तथा सार्बजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने ।

(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने ।

(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भइ गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने ।

(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ ।

बिर्तामोड नगरपालिका
इलाका प्रहरी कार्यालय, अनारमनी
बिर्तामोड, झापा

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा दोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, दोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६००१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

राशिफल

मेष: नोकरी र राजनीतिमा समेत अनुकूल स्थान प्राप्त गर्न सकिने समय छ।
वृष: प्रयत्न गर्दा टाढाको यात्रा गर्ने अवसर पनि जुट्न सक्छ।
मिथुन : कृषि तथा पशुधनबाट यथेष्ट लाभ मिल्नेछ।
कर्कट : सानो उद्देश्यका लागि ठूलो स्रोत परिचालन गर्नुपर्ने देखिन्छ।
सिंह : विशेष अवसर प्राप्त हुनुका साथै कर्मयोगले उचाइमा पुर्याउनेछ।
कन्या : कीर्तिमानी काम गरेर धेरैको मन जित्न सकिनेछ।
तुला : आफ्नो क्षेत्र, वर्ग र समाजलाई समेत बाटो देखाउन सफल भइनेछ।
वृश्चिक : विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। प्रतिभाको उच्च मूल्यांकन हुनेछ
धनु : सानो प्रयत्नले दाम, इनाम र प्रतिष्ठा कमाउने मौका छ।
मकर : कृषिउपज र पशुधनबाट मनग्य फाइदा हुनेछ।
कुम्भ : राष्ट्रियस्तरको मानसम्मान प्राप्त हुन सक्छ।
मीन : समुदायको प्रतिनिधिका रूपमा काम गर्ने अवसर जुट्नेछ।